नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वातावरण विभाग

पत्र संख्या :

चलानी नं. :

## वायु प्रदूषण सम्बन्धी वातावरण विभागको प्रेस विज्ञप्ति

### मिति २०७७ पौष २१ गते

हिजो मिति २०७७ साल पौष २० गते देखि मौसममा आएको बदलाव सँगै काठमाण्डौ उपत्यकामा वायु प्रदूषणको स्तर अत्याधिक रुपमा बढेको छ। यसमा पनि बिहान र बेलुकाको समयमा प्रदूषण अत्याधिक बढेको पाइएको छ। यसबाट तपाई हाम्रो स्वास्थ्यमा नकारात्मक असर पर्न सक्दछ। बिशेष गरी बालबालिका वृद्ध वृद्धा एवं दम खोकि जस्ता श्वासप्रश्वास सम्बन्धि बिरामी र मुटुका बिरामीहरु बढी प्रभावित हुने भएकोले उहाँहरुलाई सकेसम्म घर बाहिर ननिस्किन र सबै नागरिकले घरबाहिर निस्किदा बिशेष साबधानि अपनाउन वातावरण विभाग हार्दिक अपिल गर्दछ।

काठमाण्डौ उपत्यका बाहेक तराई क्षेत्रका शहरहरु जस्तै नेपालगंज, विराटनगरमा पनि वायु प्रदूषणको मात्रा उच्च भएको पाइएकोले तराई क्षेत्रका नागरिकहरुलाई पनि बिशेष सावधानी अपनाउन अनुरोध गरिन्छ। साथै फोहोर बाल्दा र आगो बाल्दा समेत वायु प्रदूषण झनै बढ्ने भएकोले यस्तो कार्य नगरिदिनुहुन अनुरोध गरिन्छ। वायु प्रदूषण मौसममा पनि भर पर्ने भएकोले मौसम यस्तै भइरहेमा केहि समयसम्म प्रदूषण यस्तै रहन अथवा अझै खराब समेत हुने संभावना रहेको हुनाले विशेष सावधानी अपनाउनुहुन अनुरोध गरिन्छ।

७७।९।२१

महानिर्देशक


कार्यालयको ठेगाना: बबरमहल, काठमाडौं

कार्यालयको टेलिफोन नं. ०१-४२२१७९७/४२२०८३७

फ्याक्स: ०१-४२२१५५७

इमेल: info@doenv.gov.np

वेबसाईट: www.pollution.gov.np